संक्षिप्त नीति विवरण

# गण्डकी प्रदेश पर्यटन ऐन, २०७९



ईशान गिरी
मोनिका रानाभाट

POKHARA
RESEARCH CENTRE

# गण्डकी प्रदेश पर्यटन ऐन, २०७९
# मा
# सङ्क्षिप्त नीति विवरण

ईशान गिरी, मोनिका रानाभाट
पोखरा रिसर्च सेन्टर
२०७९

**सहयोगार्थः**
Center for International Private Enterprises (CIPE)

**तस्बीरः**
Myrepublica Newspaper
Nepal Sanctuary Treks
Aliaksandar Mazurkeich

**प्रकाशक**
**पोखरा रिसर्च सेन्टर**
महाकालेश्वर मार्ग पोखरा ११, कास्की, गण्डकी प्रदेश, नेपाल
फोनः (९७७)-६१-५८७१११
इमेलः centre.pokhara@gmail.com
वेबसाइटः www.pokharacentre.org

© पोखरा रिसर्च सेन्टर

यस प्रकाशनको सम्पुर्ण अधिकार पोखरा रिसर्च सेन्टरमा निहित छ। यस संस्थासँग अनुमति नलिई, यस पुस्तकको कुनै पनि अंश कुनै पनि माध्यम प्रयोग गरी कुनै पनि रुपमा प्रकाशित गर्न, पुनःप्राप्त गर्न सकने पद्दतिमा संग्रह गर्न र वितरण गर्न पाइने छैन। यसको पुनः प्रकाशन वा पुनः प्रयोगको लागि कुनै जानकारी लिनुपर्ने भएमा माथि दिइएको ठेगानामा पोखरा रिसर्च सेन्टरमा सम्पर्क गर्न सकिनेछ। यस पुस्तकलाइ कुनै अन्य कभर वाइण्डिङ्ग हालेर वितरण गर्न पाइने छैन। अन्यको हकमा पनि यहि नियम लागु हुनेछ।

पहिलो संस्करणः अगष्ट, २०२२

मूल्य रु २००/-

# कृतज्ञता

पोखरा रिसर्च सेन्टरका सम्पूर्ण कर्मचारीहरुको असाधारण सहयोग बिना यो नीतिगत संक्षिप्त विवरण र त्यसमा आधारित अनुसन्धानले उपलब्धि हासिल गर्न सक्ने थिएन । हामी पोखरा रिसर्च सेन्टरका कार्यकारी निर्देशक सुजन रेग्मीलाई उहाँको उत्साह, विशेषज्ञता र विस्तृत ध्यान दिएर प्रारम्भिक तथ्याङ्क सङ्कलनदेखि प्रकाशन सम्म हामीलाई समयमै सम्पन्न गर्न प्रोत्साहन दिनु भएकोमा धन्यवाद दिन चाहन्छौं। त्यसैगरी, पोखरा रिसर्च सेन्टरका सौरभ वाग्लेलाइ सम्पादकीय प्रक्रियामा सहयोग गरी आफ्नो समय समर्पित गर्नुभएकोमा धन्यवाद दिन चाहन्छौं ।

मस्यौदा लेख्ने चरणमा आयोजित विस्तृत परामर्श बैठकमा भाग लिने सबै बिज्ञहरु, पेशाकर्मी, अधिकारीहरू, शिक्षाविद्हरू र अन्य इच्छुक पक्षहरूलाई पनि हाम्रो कृतज्ञता छ । हामी पोखरा पर्यटन परिषद्, पर्यटन मन्त्रालय, गण्डकी प्रदेश, पोखरा उद्योग वाणिज्य संघ, नेपाल एसोसिएसन अफ टुर एण्ड ट्राभल्स (नाट्टा), ट्रेकिङ एजेन्सी एसोसिएसन अफ नेपाल (टान), पोखरा मनी चेन्जर एसोसिएसनबाट प्राप्त उदार सहयोगकालागि पनि कृतज्ञता व्यक्त गर्दछौं ।

यस प्रक्रियामा प्रत्यक्ष, अप्रत्यक्ष, व्यक्तिगत, संस्थागत रूपमा योगदान गर्ने प्रत्येक व्यक्तिप्रति हामी आभारी छौं । अन्तमा, हामी बिरुज अधिकारी क्षेत्रीलाई उहाँको रचनात्मक डिजाइन र यस नीतिमाथिको संक्षिप्त विवरणको रूपरेखाको लागि धन्यवाद दिन चाहन्छौं ।

# लेखकका बारेमा

ईशान गिरी पोखरा रिसर्च सेन्टरका अनुसन्धान सहायक हुन् । उनले जनप्रिय बहुमुखी क्याम्पस, पोखराबाट पर्वतीय पर्यटन व्यवस्थापनमा स्नातक गरेका छन् । एक पर्यटन विद्यार्थीको हैसियतमा उनी नेपालको पर्यटन उद्योगका समस्याहरू बुझ्न चाहन्छन् र अनुसन्धानमा आधारित, प्रमाणमा आधारित समाधानहरु खोज्न रुचाउछन् । उनले यसअघि गण्डकी प्रदेशको पर्यटन, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयमा रहेर इन्टर्नको रुपमा काम गरेको अनुभव छ का थिए । यसबाहेक, उनी पोखरा रिसर्च सेन्टरको युथ इन पोलिसी एण्ड गभर्नेन्स फेलोशिप प्रोग्रामका फेलो हुन गण्डकी प्रदेशका प्रदेश सभा सदस्यलाई ज्ञान सहयोगीका रूपमा रहेर उनले प्रदेशको नीतिगत परिवर्तनका लागि अनुसन्धानमा आधारित सुझाव दिएका थिए । उनि भविष्यमा उत्कृष्ट डेटा विश्लेषकहरूको रुपमा काम गर्ने लक्ष्य राख्छन ।

मोनिका रानाभाटले आफ्नो बिद्यालय जीवनदेखि नै नेतृत्व र अभियानहरुमा सक्रियताका साथ् सहभागी भई आफ्नो सामाजिक यात्रा सुरु गरेकी हुन ।  उनी हाल पोखरा रिसर्च सेन्टरमा अनुसन्धान अधिकृत रुपमा काम गर्छिन ।  उनको पोखरा महानगरमा सार्वजनिक शौचालयको अवस्था र त्यसलाई सुधार गर्नका निम्ति आवश्यक सुझाब सहितको अनुसन्धान पत्र प्रकाशित भैसकेको छ । उनले नेपालको सक्रिय सामाजिक संस्था नेपाल युवा परिषद्को गण्डकी प्रदेशको अध्यक्षको रूपमा नेतृत्व गरिरहेकी छिन र सन् २०१७ देखि निरन्तर युवाको क्षेत्रमा सक्रिय रूपमा काम गरिरहेकी छिन् । उनले पोखरा विश्वविद्यालयबाट विकास अध्ययनमा स्नातक गरेकी छिन । साथै सन् २०१६ मा समग्र राष्ट्रिय किशोरी सञ्जाल नेपालको अध्यक्षका रूपमा रही नेपालका किशोरीहरूको क्षेत्रमा काम गरिसकेकी छिन् जसका क्रममा उनकै कार्यकालमा सम्माननीय राष्ट्रपतिको कार्यालय शितल निवासमा ‘गर्ल्स विथ प्रेसिडेन्ट’ नामक कार्यक्रम सफलतापूर्वक आयोजना गरेकी थिइन् । उनी नेपालको विकाश, अध्ययन अनुसन्धान र नीति तथा योजना निर्माणमा आफ्नो विषेशज्ञता हासिल गरेर नेपालको समग्र विकासमा योगदान दिन चाहन्छिन् ।

# सारांश

पर्यटन नेपाली अर्थतन्त्रको अत्यन्तै महत्वपूर्ण पक्ष हो भने गण्डकी प्रदेश पर्यटन विकासको प्रचुर सम्भावना बोकेको प्रदेशका रूपमा चिनिन्छ । पर्यटनले यस प्रदेशको कुल गार्हस्थ उत्पादनको करिब दश प्रतिशत ओगटेको छ । गण्डकी प्रदेशमा पर्यटनलाई समृद्धिका सात महत्वपूर्ण संवाहकमध्येको एक संवाहकका रूपमा राखिएको छ (गण्डकी प्रदेश नीति तथा योजना आयोग, २०२०) । फलस्वरूप प्रदेशको पर्यटन उद्योगलाई प्रभावकारी रूपमा नियमन गर्न प्रदेश प्रशासन प्रतिबद्ध छ । यही उद्देश्यलाई मध्यनजर गर्दै प्रदेश सरकारले गण्डकी प्रदेश पर्यटन ऐन, २०७९ पारित गरेको हो । पर्यटन उद्योगको पूर्ण सम्भावनाको अनुभूति गर्न नीतिगत संरचना र पर्यटन विशेष कार्यहरूको संयोजन आवश्यक छ।

यस सङ्क्षिप्त नीति विवरणले गण्डकी प्रदेश पर्यटन ऐन, २०७९ मा रहेका मुख्य मुद्दाहरूलाई प्रकाश पार्दै ती मुद्दाहरूलाई सम्बोधन गर्न सम्बन्धित सरोकारवालाहरूलाई विस्तृत नीतिगत सिफारिसहरू प्रदान गर्दछ । विशेष गरेर विदेशी मुद्रा लेनदेन, यात्रा र पदयात्रासम्बन्धी कम्पनीहरूको वर्गीकरण, पर्वतारोहण, सङ्घीय कानूनसँग बाझिने प्रावधान, वातावरण संरक्षण, दिगो विकास र महिला सशक्तीकरणलगायतका धेरै विषयहरूमा केन्द्रित मुद्दाहरूलाई यसले सङ्क्षिप्त रूपमा सम्बोधन गरेको छ । यी मुद्दाहरूलाई नीतिगत रूपमा समाधान गर्नका लागि दिइएका सिफारिसहरू ऐनको विस्तृत विश्लेषणमा आधारित छन् भने प्राथमिक र माध्यमिक तथ्याङ्कका स्रोतहरूसमेत प्रयोग गरेर तयार पारिएका छन्।

# विषयसूची

कृतज्ञता
लेखकका बारेमा
१. विधायी पृष्ठभुमी १
२. नीतिमाथि प्रकाश २
३. मुख्य मुद्दा र विश्लेषण ३
४. सन्दर्भ ४
५. विस्तृत समीक्षा र सिफारिसहरू ५
५.१. ट्राभल र ट्रेकिङ एजेन्सीहरूको वर्गीकरण ५
५.२. मूल्य प्रकाशन ६
५.३. विदेशी मुद्रा कारोबार ७
५.४. जरिवानासम्बन्धी व्यवस्था ८
५.५. विदेशी मुद्रा कारोबार १०
५.६. पर्यटक यातायात ११
५.७. सङ्घीय ऐनसाग विरोधाभास १२
५.८ महिला उद्यमी, ट्राभल र ट्रेकिङ गाइडहरूको सशक्तीकरणका लागि कुनै प्रावधान नहुनु १३
५.९. संरक्षण र दिगो पर्यटनसम्बन्धी कुनै प्रावधान नहुनु १४
५.१०. धेरै प्रावधानहरूमा सङ्घीय कानूनको हुबहु प्रतिलिपि १५

सन्दर्भ सामाग्रीहरु १६

## १. विधायी पृष्ठभुमी

गण्डकी प्रदेशको पहिलो प्रदेशसभाको कार्यकाल वि.सं. २०७४ मा प्रारम्भ भई २०७९ मा सम्पन्न भएको थियो। पाँच वर्षको अवधिमा प्रदेशसभाले ५९ वटा ऐन पारित गरेको थियो। गण्डकी प्रदेश पर्यटन ऐन, २०७९ पहिलो कार्यकालको समाप्तिमा प्रदेश सभाबाट पारित भएका ५९ ऐनमध्ये एक हो। उक्त विधेयक २०७८ चैत ११ गते प्रदेशसभामा दर्ता भएको थियो र विधायन समितिमा विधेयकमाथिको गहन छलफलपछि २०७९ साउन २९ गते पारित भएको थियो। गण्डकी प्रदेशमा प्रदेश सभामा पेश भएका विधेयकमाथि छलफल गर्ने अधिकार विधायन समितिलाई मात्र छ। गण्डकी प्रदेश सभा सचिवालयका अनुसार समितिका सदस्यहरूको उपस्थितिमा विधायन समितिका विभिन्न ६ वटा बैठकमा यस ऐनमाथि छलफल भएको थियो।

विधेयकमाथि छलफल भएका बैठकहरू र उक्त बैठकमा उपस्थित हुने प्रदेश सभा सदस्यहरूको विवरण तलको तालिकामा देखाइएको छ :

| क.सं. | बैठक नं. | उपस्थित सदस्यहरूको सङ्ख्या |
|---|---|---|
| १. | १४२ | ११ |
| २. | १४३ | ७ |
| ३. | १४४ | ११ |
| ४. | १४५ | १० |
| ५. | १४६ | १२ |
| ६. | १४९ | १२ |

स्रोत : प्रदेश सभा सचिवालय, गण्डकी प्रदेश

## २. नीतिमाथि प्रकाश

गण्डकी प्रदेशको प्रदेश सभाले गण्डकी प्रदेशभित्रका पर्यटन क्षेत्रहरूको संरक्षण, संवर्द्धन, प्रवर्द्धन, र विकासमार्फत आन्तरिक तथा बाह्य पर्यटकको सुविधा तथा उनीहरूको हितलाई ध्यानमा राखी प्रदेशको आर्थिक विकासका लागि आवश्यक व्यवस्था गर्न गण्डकी प्रदेश पर्यटन ऐन, २०७९ पारित गरेको हो।

यस सङ्क्षिप्त नीति विवरण मुख्यतया गण्डकी प्रदेशको पर्यटन उद्योगलाई राम्रोसँग नियमन र प्रवर्द्धन गर्न ऐनमा संशोधन गर्दा ल्याउनुपर्ने नीतिगत सुधारहरूमाथि केन्द्रित छ। गण्डकी प्रदेश पर्यटन ऐन, २०७९ ले पर्यटन उद्योग दर्ता, पर्यटक यातायात, सांस्कृतिक समूह गठन, आन्तरिक पर्यटन प्रवर्द्धन, प्रादेशिक पर्यटन कोष स्थापना, प्रदेश पर्यटन क्षेत्र घोषणा, पर्यटक प्रहरी, गण्डकी प्रदेशको पर्यटन बोर्ड गठन, प्रावधानहरूको अवज्ञामा जरिवाना लगायतका प्रावधानहरू समावेश गरेको छ।  तर, ऐनले कतिपय पर्यटनसम्बन्धी गम्भीर मुद्दाहरूलाई सम्बोधन गर्न सकेको छैन।

## ३. मुख्य मुद्दा र विश्लेषण

यस सङ्क्षिप्त नीति विवरणले गण्डकी प्रदेश पर्यटन ऐनका नीतिगत सरोकारहरू पहिचान गर्दै ती मुद्दाहरूका लागि आवश्यक सुधार गर्न सुझावहरू प्रस्ताव गर्दछ। यसको तयारीका निम्ति प्राथमिक र द्वितीय दुवैखाले तथ्याङ्क सङ्कलन गरिएको थियो। मुख्य सूचनादाताहरूसँगको अन्तर्वार्ता र सरोकारवालाहरूसँगको बैठकले प्राथमिक तथ्याङ्क उत्पादन गरेको थियो। प्रदेश पर्यटन ऐन, २०७९, पर्यटन ऐन, २०३८ (सङ्घीय ऐन) का साथसाथै अन्य अनुसन्धान पत्रहरू, लेख र कागजातहरू अध्ययन गरेर द्वितीय तथ्याङ्क सङ्कलन गरिएको थियो।

गण्डकी प्रदेश सभा गठन भएको पाँचौं बर्षमा मात्र गण्डकी प्रदेश पर्यटन ऐन, २०७९ पारित भए तापनि यस ऐनले सम्बोधन गर्न नसकेका केही गहिरा विषयहरू छन्। अनुसन्धानको निष्कर्षका अनुसार ट्राभल र ट्रेकिङ एजेन्सीहरूको वर्गीकरणका लागि अस्पष्ट मापदण्ड, विदेशी मुद्रा कारोवारमा भेदभावपूर्ण र कठोर नियम, दर्ता भएका एजेन्सीहरूलाई कडा जरिवाना, प्रदेश भित्रबाट पर्वतारोहण अनुमति लिन नमिल्ने व्यवस्था, पर्यटकका लागि अपर्याप्त नियमावली, पर्यटन यातायात, पर्यटन व्यवसायमार्फत महिला सशक्तीकरण गर्ने नीतिहरूको अभाव लगायतका समस्याहरू छन्। साथै यस ऐनमा सङ्घीय कानूनसँग बाझिएका केही प्रावधानहरूसमेत रहेका छन्।

# ४. सन्दर्भ

नेपालको संविधान (२०७२) ले सङ्घीय सरकारको संरचना स्थापित गर्दै गर्दा नेपालमा पर्यटनको विकासका लागि आशावादी भावना प्रदान गरेको छ । संविधानले सङ्घीय, प्रादेशिक र स्थानीय सरकारहरूलाई पर्यटनसँग सम्बन्धित नीति, कानून र मापदण्डहरू निर्माण गर्न एकल र साझा अधिकार प्रदान गरेको छ। सङ्घीयता आउनुभन्दा पहिले २०३५ को सङ्घीय पर्यटन ऐनले पर्यटन क्षेत्रलाई नियन्त्रित गर्ने व्यवस्था थियो । प्रदेशको अर्थतन्त्रमा योगदान पुऱ्याउने सातवटा प्रमुख तत्वमध्ये पर्यटनलाई मध्यनजर गर्नुका साथै नेपालको संविधानले दिएको अधिकार प्रयोग गर्दै गण्डकी प्रदेशले हाल पर्यटनलाई आफ्नो विकासस्तम्भका रूपमा तोकेको छ। (प्रदेश नीति तथा योजना आयोग, गण्डकी प्रदेश, २०२०)

गण्डकी प्रदेश विशेष गरेर प्राकृतिक विविधता, सौन्दर्य र अद्वितीय संस्कृतिका कारण विश्वका धेरै देशहरूबाट आउने पर्यटकहरूले मनपर्ने गन्तव्यको रूपमा पहिचान गरेका छन् । गण्डकी प्रदेशको प्रादेशिक नीति तथा योजना आयोगका अनुसार नेपाल आउने पर्यटकमध्ये ४० प्रतिशत यो प्रदेशमा आउने गरेका छन् । साथै यस प्रदेशमा रहेका अधिकांश उद्योगहरूमध्ये पर्यटनसँग सम्बन्धित व्यवसायहरू होटल, ट्राभल र ट्रेकिङ कम्पनीहरू, रेस्टुरेन्टहरू आदि रहेका छन् । वर्तमान समयमा देशको पर्यटन क्षेत्र क्रमशः फस्टाउँदै गइरहेकोले धेरै नयाँ पर्यटन व्यवसायहरूको विकास भइरहेको छ । तर प्रदेशसभाले झण्डै पाँच वर्ष लगाएर २०७९ साउन २९ गते मात्र 'गण्डकी प्रदेश पर्यटन ऐन, २०७९' पारित गरेको छ भने ऐनसँग सम्बन्धित नियमावली र निर्देशिका तयार हुन बाँकी नै छ । जसका कारण ऐन अझै कार्यान्वयनको चरणमा प्रवेश गरेको छैन।

# ५. विस्तृत समीक्षा र सिफारिसहरू

## ५.१. ट्राभल र ट्रेकिङ एजेन्सीहरूको वर्गीकरण

| दफा | उपदफा | |
|---|---|---|
| दफा ४ | उपदफा १ | ट्राभल वा ट्रेकिङ एजेन्सीको वर्गीकरण तोकिए बमोजिम हुनेछ । |
| दफा ४ | उपदफा २ | वर्गीकृत ट्राभल वा ट्रेकिङ एजेन्सीलाई प्रदेश सरकारले तोकेबमोजिम सुविधा दिन सक्नेछ । |

ऐनको दफा ४ ले ट्राभल र ट्रेकिङ कम्पनीहरूको वर्गीकरण गरी त्यसका आधारमा प्रदेश सरकारले सुविधा उपलब्ध गराउने उल्लेख गरेको छ। तर ट्राभल र ट्रेकिङ एजेन्सीहरूको वर्गीकरण गर्ने मापदण्ड भने उल्लेख छैन। वर्गीकरण गर्दा ट्राभल र ट्रेकिङ कम्पनीहरूले प्रदान गर्ने सेवाहरूको गुणस्तर, यात्रा प्याकेज, कम्पनीहरूको आकार वा प्रदान गरिएका सेवाहरूको प्रकार आदिमध्ये केमा आधारित हुने हो भन्ने कुरा स्पष्ट छैन, जसका कारण अन्योल घट्नुको सट्टा बढेको छ।

२०५३ मा सङ्घीय पर्यटन ऐन, २०३५ मा परिमार्जन गर्दा पनि त्यस्तै धारा समावेश गरिएको थियो। यद्यपि नियमावली, प्रक्रिया र वर्गीकरणका आधारहरू तय गर्न नसक्नुले उक्त संशोधनलाई प्रभावकारी हुनबाट रोकेको थियो । प्रदेशको ऐनमा भएको यो प्रावधान पनि विशुद्ध रूपमा देखाउनका लागि मात्र राखिएको हो कि भन्ने शङ्का उत्पन्न हुन्छ किनकि यस ऐनका अधिकांश प्रावधानहरू सङ्घीय कानूनको हुबहु नक्कल जस्ता देखिन्छन्।

### सिफारिस

ट्राभल र ट्रेकिङ कम्पनीहरूलाई वर्गीकरण गर्न आवश्यक छ किनकि यसले उनीहरूले प्रदान गर्ने सेवाहरूको मानक वा दायरा निर्धारण गर्न आधार दिन्छ। ट्राभल एजेन्सीको वर्गीकरणका आधारमा ग्राहकहरूलाई पनि आफ्नो यात्रा छनोट गर्न सहज हुन्छ । यसले यात्रा बुकिङ सेवा क्षेत्रको सुविधालाई सुव्यवस्थित र सुधार गर्न मद्दत गर्दछ। प्रदेश सरकारले यस ऐनअन्तर्गत ट्राभल र ट्रेकिङ एजेन्सीहरूलाई कसरी वर्गीकरण गर्ने भनेर पहिल्यै तोक्न जरुरी छ। ऐन संशोधन गर्दा यो व्यवस्थालाई प्रष्ट रूपमा राख्नुपर्ने देखिन्छ।

### ५.२. मूल्य प्रकाशन

| दफा | उपदफा | |
|---|---|---|
| दफा ६ | उपदफा १ | यस ऐनबमोजिम इजाजत प्राप्त ट्राभल वा ट्रेकिङ एजेन्सीले आफूले उपलब्ध गराएको सेवा सुविधा वापत पर्यटकबाट लिइने शुल्कको दर र विवरण सम्बन्धी सूचना मन्त्रालयलाई दिनुपर्ने छ । |
| दफा ६ | उपदफा २ | उपदफा १ बमोजिमको शुल्कको दर मन्त्रालयले तोकेको ढाँचामा प्रकाशन गरी प्रचार गर्नुपर्ने छ । |

यस ऐनको दफा ६ बमोजिम ट्राभल एण्ड ट्रेकिङ कम्पनीहरूले आफूले प्रदान गर्ने सेवाका लागि लिने शुल्कको दर र विवरण मन्त्रालयसमक्ष पेश गर्नुपर्ने छ । तर ट्राभल र ट्रेकिङ एजेन्सीहरूले प्रदान गर्ने सेवाहरूका लागि शुल्कको मौसमअनुसारको माग, इन्धनको मूल्य, हिमाली क्षेत्रमा आवास र भोजन प्रदान गर्ने होटलहरूको मूल्यमा परिवर्तन आदिका कारण परिवर्तन भइरहन्छ। अर्कातर्फ उच्च पहाडी र हिमाली क्षेत्रहरूमा साना होटलहरू र गेस्ट हाउसहरूले लिने मूल्य प्राय: मौसमअनुसार र ठाउँका आधारमा घटबढ हुने गर्दछ। तसर्थ ट्राभल र ट्रेकिङ व्यवसायका लागि नियमित रूपमा मन्त्रालयलाई जानकारी दिनु र अद्यावधिक गर्नु अत्यन्तै चुनौतीपूर्ण र समय लाग्ने कार्य हो। यस्तो अवस्थामा मन्त्रालयले तोकेको शुल्क र तथ्याङ्क प्रकाशित गरी पूर्वनिर्धारित ढाँचामा मिल्ने टुर प्याकेजहरू बनाउन एजेन्सीहरू बाध्य छन्। साथै यस्तो प्रावधानले ट्राभल र ट्रेकिङ कम्पनीहरूलाई नयाँ रचनात्मक टुर प्याकेजहरू विकास गर्नबाट रोक्न सक्छ भने पर्यटकहरूसँग कम विकल्पहरू हुन जान्छन्। यसको नतिजा नयाँ पर्यटकहरू आकर्षण गर्न कठिनाइ सिर्जना हुन सक्छ। समग्रमा यसले प्रदेशको पर्यटन सम्भावनालाई सीमित गर्दछ।

यसका साथै यो प्रावधानले मन्त्रालयलाई जानकारी र सूचना प्रदान गर्नुपर्ने सिमित प्रक्रिया वा ढाँचाको बारेमा पनि उल्लेख गरेको छैन। तसर्थ यसले थप अनावश्यक सरकारी हस्तक्षेप निम्त्याउनुका साथै ट्राभल र ट्रेकिङ कम्पनीहरूमा सरकारका तर्फबाट विश्वासको कमी देखाउन सक्छ। जसले सम्भावित रूपमा प्रदेशको पर्यटन उद्योगको विकास गर्न सहयोग पुऱ्याउनुको सट्टा सरकार र निजी क्षेत्रबीच द्वन्द्व निम्त्याउन सक्छ।

**सिफारिस**

ट्राभल र ट्रेकिङ कम्पनीहरूले आफ्नो मूल्यसूची बारम्बार अद्यावधिक गर्नुपर्ने झन्झटलाई हटाउन यो प्रावधान संशोधन गर्नु जरुरी छ। ट्राभल र ट्रेकिङ कम्पनीहरूले पर्यटकहरूलाई प्रदान गर्ने सुविधाहरूवापतको शुल्कको विवरण कुनै विशेष महिना वा त्रैमासिक रूपमा मन्त्रालयमा पेश गर्नुवर्ने प्रावधान हुनु जरुरी छ। जसले प्रकियालाई सहज बनाउन सक्छ। यसका साथै कम्पनीहरूलाई उनीहरूको मूल्यसूची अद्यावधिक गर्न सजिलो बनाउनका निम्ति मन्त्रालय वा सम्बन्धित निकायलाई विद्युतीय माध्यमबाट जानकारीहरू उपलब्ध गराउन सक्ने व्यवस्थासमेत थप्नुपर्ने देखिन्छ । व्यवसायीहरूलाई यसरी समय दिनुले उनीहरूलाई सरकारी कागजी प्रक्रियाबारे चिन्ता गर्नुको सट्टा उनीहरूले प्रदान गर्ने सेवाहरूमा पूर्ण रूपमा ध्यान केन्द्रित गर्न सहज बनाउँछ।

## ५.३. विदेशी मुद्रा कारोबार

| दफा | उपदफा | |
|---|---|---|
| दफा ७ | उपदफा १ | यस ऐन बमोजिम ट्राभल वा ट्रेकिङ एजेन्सीले बाह्य पर्यटकलाई सेवा उपलब्ध गराउँदा नेपाल सरकारले तोकेको परिमार्जन योग्य विदेशी मुद्रामा बिल भुक्तानी हुने गरी कारोबार गर्नुपर्ने छ । |
| दफा ७ | उपदफा २ | उपदफा १ बमोजिम नेपालभित्र वा बिदेशमा आर्जन गरेको सबै विदेशी मुद्राको कारोबार नेपाल राष्ट्र बैंक मार्फत गर्नुपर्ने छ । |

ऐनको दफा ७ बमोजिम विदेशी पर्यटकलाई सेवा दिँदा ट्राभल तथा ट्रेकिङ कम्पनीहरूले नेपाल सरकारले तोकेको परिमार्जन योग्य विदेशी मुद्रामा बिल भुक्तानी हुने गरी व्यापार गर्नुपर्छ। विदेशी मुद्रासम्बन्धी कुनै पनि कारोबार नेपाल राष्ट्र बैंकका माध्यमबाट गर्नुपर्ने व्यवस्था छ। यद्यपि ट्राभल र ट्रेकिङ कम्पनीहरूका लागि प्रस्ताव गरिएका केही सरल सेवाहरू जस्तैः- विदेशी पर्यटकहरूलाई बस टिकट बेच्ने जस्ता सरल कार्यहरूका लागि विदेशी मुद्रामा व्यापार गर्न निकै कठिन छ। यसले उच्च गुणस्तरीय सेवाहरू दिने ट्राभल एजेन्टहरूको क्षमतालाई निःसन्देह प्रभाव पार्छ वा बाधा पुर्‍याउँछ । यसबाहेक, व्यवसायीहरूका लागि विदेशी मुद्रा कारोबारका लागि आवश्यक इजाजतपत्र प्राप्त गर्ने प्रक्रिया नै कठिन छ। साथै, विदेशी मुद्रामा कारोबार गर्दा व्यवसायहरूमा लागू हुने नियमहरू जस्तैः- कारोबारको २४ घण्टाभित्र राष्ट्र बैंकमा पैसा जम्मा गर्नुपर्ने नियम वाणिज्यको लागि अनुकूल छैनन् । यद्यपि, होटल, रेस्टुरेन्ट, लज, बार र रिसोर्टहरूले विदेशी पर्यटकहरूलाई प्रदान गर्ने सेवाहरूका लागि परिमार्जन योग्य विदेशी मुद्रामा कारोबार गर्न आवश्यक छैन । जसका कारण यस ऐनको प्रावधानले होटल, रेष्टुरेन्ट, रिसोर्ट, लज र बारलाई ट्राभल तथा ट्रेकिङ कम्पनीभन्दा बढी प्राथमिकता दिएको देखिन्छ। त्यस्ता प्रावधानहरू ट्राभल र ट्रेकिङ व्यवसायका लागि प्रोत्साहनमूलक छैनन्।

**सिफारिस**

सरकारी नीति र कानूनले व्यवसायका लागि फाइदाजनक तत्वहरू समावेश गर्नुपर्छ (Turok, 2010). ट्राभल र ट्रेकिङ कम्पनीहरूसहित यी पर्यटनसम्बन्धी व्यवसायले प्रायः पर्यटकहरूसँग प्रत्यक्ष सम्पर्क राख्छन् र उनीहरूले प्रदान गर्ने सेवाहरूमार्फत गन्तव्यको सकारात्मक धारणा सिर्जना गर्न मद्दत गर्छन्। नियमहरू निर्माण गर्दा सरकारको ध्यान यी उद्यमहरूलाई सेवाहरू प्रदान गर्न सजिलो बनाउनमा केन्द्रित हुनुपर्छ (Liu et al., 2020)। तसर्थ यो ऐनमा रहेको ट्राभल र ट्रेकिङ कम्पनीहरूलाई बस टिकट खरिद जस्ता साधारण कारोबारका लागि पनि विदेशी मुद्रा प्रयोग गर्नुपर्ने प्रावधान समस्यामूलक छ। राष्ट्र बैंकबाट मात्र कारोबार गर्नुपर्ने यस्तो बाध्यकारी प्रावधानलाई हटाउन जरुरी छ। यस प्रावधानको साटो ट्राभल र ट्रेकिङ एजेन्सीहरूले गर्ने विदेशी मुद्रा कारोबारलाई सुविधाजनक बनाउन नेपाल राष्ट्र बैंकसँगको सहकार्यमा अन्य बैंकहरूले समेत गर्न सक्ने व्यवस्था गर्नु आवश्यक छ।

## ५.४. जरिवानासम्बन्धी व्यवस्था

| दफा | उपदफा | |
|---|---|---|
| दफा २१ | उपदफा १ | दफा ३ बमोजिम इजाजत नलिई कसैले ट्राभल वा ट्रेकिङ एजेन्सी सञ्चालन गरेमा मन्त्रालयले त्यस्तो एजेन्सी वा कारोबार बन्द गर्न लगाई निजलाई बीस हजार रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ । |
| दफा २१ | उपदफा २ | दफा ६ बमोजिम शुल्क सम्बन्धी सूचना प्रकाशन नगर्नेलाई मन्त्रालयले पहिलो पटक कसुर गरेको भए दश हजार रुपैयाँसम्म र दोस्रो पटकदेखि पटकैपिच्छे दश हजार रुपैयाँदेखि बीस हजार रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ । |
| दफा २१ | उपदफा ३ | दफा ७ को उपदफा १ उल्लङ्घन गर्ने व्यक्तिलाई मन्त्रालयले पहिलो पटकको कसुरमा चालीस हजार रुपैयाँसम्म र दोस्रो पटकदेखि पटकैपिच्छे चालीस हजार रुपैयाँदेखि असी हजार रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ । |
| दफा २१ | उपदफा १० | दफा ३, ९ र २० बमोजिमको पर्यटन व्यवसाय गर्ने व्यक्तिले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम वा मन्त्रालयले दिएको निर्देशन वा आदेश उल्लङ्घन गरेमा त्यस्तो व्यक्तिलाई मन्त्रालयले बीस हजार रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ । |

यस ऐनको दफा ३ बमोजिम इजाजत नलिई कसैले ट्राभल वा ट्रेकिङ एजेन्सी सञ्चालन गरेमा मन्त्रालयले त्यस्तो एजेन्सी वा कारोबार बन्द गर्न लगाई निजलाई बीस हजार रुपैयाँसम्म जरिवाना गर्ने व्यवस्था छ । दफा ६ बमोजिम शुल्कसम्बन्धी सूचना प्रकाशन नगर्नेलाई मन्त्रालयले पहिलो पटक कसुर गरेको भए दश हजार रुपैयाँसम्म र दोस्रो पटकदेखि पटकैपिच्छे दश हजार रुपैयाँदेखि बीस हजार रुपैयाँसम्म जरिवाना गर्न सक्ने व्यवस्था छ । दफा ७ को उपदफा १ उल्लङ्घन गर्ने व्यक्तिलाई मन्त्रालयले पहिलो पटकको कसुरमा चालीस हजार रुपैयाँसम्म र दोस्रो पटकदेखि पटकैपिच्छे चालीस हजार रुपैयाँदेखि असी हजार रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ । त्यसैगरी दफा ३, ९ र २० बमोजिमको पर्यटन व्यवसायीले यो ऐन वा यस ऐनअन्तर्गत बनेको नियम वा मन्त्रालयले दिएको निर्देशन वा आदेश उल्लङ्घन गरेमा त्यस्तो व्यक्तिलाई मन्त्रालयले बीस हजार रुपैयाँसम्म जरिवाना गर्न सक्ने प्रावधान छ। यसर्थ इजाजत पत्र प्राप्त र दर्ता भएका ट्राभल एण्ड ट्रेकिङ एजेन्सीहरूको जरिवानाभन्दा लाइसेन्स नभएका एजेन्सीहरूलाई जरिवाना धेरै कम भएकाले यस्तो प्रावधानले व्यवसायीहरूलाई इजाजत पत्र नलिई वा दर्ताबिना नै सञ्चालन गर्न प्रेरित गर्न सक्छ भने कानुनतः दर्ता गरेर सबै नियम पालना गरेर सञ्चालन गरिरहेका कम्पनीहरूमाथि अन्याय हुन जान्छ।

**सिफारिस**

व्यवसायी र उपभोक्ता दुवैलाई कानून र नियमहरूले संरक्षण गरेका हुन्छन् । कुनै पनि कानुन उल्लङ्घन गर्नुका धेरै परिणामहरू हुन सक्छन् र संस्थाहरूलाई ट्र्याकमा राख्नका लागि विभिन्न प्रकारका दण्ड/जरिवानाहरूको व्यवस्था गर्नु एक प्रभावकारी तरिका हो (Aproskie & Goga, 2011)। तर यस्तो जरिवानाबाट फर्महरू निरुत्साहित हुनु हुँदैन। प्रभावकारी र उत्पादनमुखी नतिजाको प्रयोग गरेर सरकारले ट्राभल र ट्रेकिङ एजेन्सीहरूलाई कानूनको दायरामा राख्न प्राथमिकता दिनुपर्छ । तसर्थ माथि उल्लेखित जरिवाना मुद्दाहरू यस ऐनको संशोधनद्वारा परिमार्जन गरिनुपर्छ । एजेन्सीहरूलाई दर्ता नगरी सञ्चालन गर्नबाट रोक्नका निम्ति, यस ऐनले दोस्रो र त्यसपछिको उल्लङ्घनका लागि थप कडा सजायको प्रावधान समावेश गर्न सक्छ।

## ५.५. विदेशी मुद्रा कारोबार

| दफा | उपदफा | |
|---|---|---|
| दफा २२ | उपदफा १ | कुनै पर्वतारोही समूहले प्रचलित कानुनबमोजिम अनुमति प्राप्त नगरी कुनै हिमालचुली आरोहण गर्न पाउने छैन । |
| दफा २२ | उपदफा २ | पर्वतारोहणसम्बन्धी अन्य व्यवस्था प्रचलित कानूनमा तोकिए बमोजिम हुनेछ । |

ऐनको दफा २२ मा प्रदेशभित्र पर्वतारोहणका गतिविधिहरू प्रचलित कानूनबमोजिम सञ्चालन गर्नुपर्ने र अन्य सबै व्यवस्था पनि प्रचलित कानून र नियमबमोजिम गर्नुपर्ने उल्लेख छ। नेपालको संविधानको अनुसूची ५ को प्रावधान २९ बमोजिम राष्ट्रिय पर्वतारोहण नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन र नियमन गर्ने अधिकार सङ्घीय सरकारलाई छ। फलस्वरूप, सबै पर्वतारोहण सम्बन्धि क्रियाकलापहरूलाई सङ्घीय संस्कृति, पर्यटन र नागरिक उयन मन्त्रालय बाट अनुमति लिनुपर्ने बाध्यता छ। पर्वतारोहणका लागि खुला गरिएका १२३ हिमालमध्ये ८ हजार मिटरभन्दा अग्ला विश्वका १४ वटा हिमालमध्ये तीन गण्डकी प्रदेशमा रहेका छन्। तर गैरनाफामूलक संस्था नेपाल पर्वतारोहण संघ (NMA) ले गण्डकी प्रदेशका छ वटा शिखरसहित नेपालभरका २४ वटा विभिन्न चुचुराहरूका लागि सङ्घीय सरकारको प्रावधानअन्तर्गत पर्वतारोहण अनुमतिहरू जारी गर्दछ। हालको व्यवस्थाअनुसार कुनै पनि पर्यटकले पर्वतारोहणका लागि काठमाडौंको सङ्घीय पर्यटन मन्त्रालयबाट अनुमति लिनुपर्छ। त्यसैगरी गण्डकी प्रदेशका पर्यटकले प्रदेशको कुनै चुचुरो आरोहण गर्न चाहेमा काठमाडौं जानुपर्ने, इजाजत लिने सबै प्रक्रिया पूरा गरी हिमाल आरोहणका लागि प्रदेशमै फर्किनुपर्छ। यसले इजाजत लिने प्रक्रियालाई निकै झन्झटिलो बनाएको छ।

**सिफारिस**

गण्डकी प्रदेशमा विश्वभरका पर्वतारोहीहरूलाई आकर्षित गर्ने र प्रदेशलाई पर्वतारोहण केन्द्रका रूपमा विकास गर्ने क्षमता छ । पर्वतारोहणले प्रदेशलाई विश्वकै उत्कृष्ट गन्तव्यका रूपमा स्थापित गर्ने अवसर प्रदान गर्दछ । पर्वतारोहणबाट हुने रोयल्टी सङ्कलन गर्ने जिम्मा सङ्घीय सरकारले लिएको भए पनि स्थानीय श्रमिक र व्यवसायीलाई सहयोग गरेर प्रदेशले नाफा लिन सक्छ। यो प्रक्रियालाई सरल र पर्वतीय खेलकुदलाई थप पहुँचयोग्य बनाउनका लागि सङ्घीय सरकारको सट्टा प्रादेशिक सरकारले पर्वतारोहण लाइसेन्स स्वायत्त रूपमा जारी गर्नु महत्वपूर्ण र आवश्यक छ। पर्यटन विकास प्रदेशको उच्च प्राथमिकताको क्षेत्र पनि भएकाले यस्तो प्रावधान ऐनमा निकै जरुरी छ। तसर्थ यस ऐनमा नेपाल पर्वतारोहण संघ जस्तै छुट्टै गैरसरकारी र गैर नाफामूलक संस्थाहरू स्थापना गर्न अनुमति दिने र प्रदेशभित्र पर्वतारोहणका गतिविधिहरू प्रवर्द्धन गर्न सक्ने प्रावधानहरू समावेश गर्न सकिन्छ।

## ५.६. पर्यटक यातायात

| दफा | उपदफा | |
|---|---|---|
| दफा ३१ | उपदफा १ | प्रदेश सरकारले आन्तरिक तथा बाह्य पर्यटकलाई गुणस्तरीय यातायातको सुविधा उपलब्ध गराउन आफैं वा कुनै संघ संस्था, कम्पनीमार्फत पर्यटक यातायात सेवा सञ्चालन गर्न सक्नेछ । |

ऐनको दफा ३१ को उपदफा १ ले आन्तरिक तथा बाह्य पर्यटकलाई गुणस्तरीय यातायात सेवा उपलब्ध गराउन प्रदेश सरकारले प्रत्यक्ष वा कुनै संघसंस्था वा कम्पनीमार्फत पर्यटक यातायात सेवा सञ्चालन गर्न सक्ने व्यवस्था गरेको छ। यद्यपि सङ्घीय सरकारको सवारी तथा यातायात व्यवस्थापन ऐन, २०४९ ले पर्यटकीय सवारी साधन र यातायात सेवालाई विदेशी पर्यटकलाई सेवा दिन दर्ताको प्रमाणपत्रसहितको सार्वजनिक सवारी भनी परिभाषित गरेको छ। प्रदेशले व्यवस्था गरेको प्रावधान उक्त ऐनसँग बाझिन गएको छ । नतिजाको रूपमा, पर्यटक यातायातले कानुनी रूपमा आन्तरिक पर्यटकहरूलाई सेवा दिन सक्दैन किनभने मोटर वाहन र ट्राफिक व्यवस्थापन ऐनले आन्तरिक पर्यटकहरूका लागि समान प्रावधानहरू समावेश छैन । तर हालको अवस्थामा धेरै जस्तो पर्यटकीय सवारी साधनहरू, विशेषगरी पर्यटक बसहरू नेपाली पर्यटकहरूले खचाखच भरिएका देखिन्छन्। अझै कोभिड महामारीपश्चात् आन्तरिक पर्यटन नै पर्यटन व्यवसायीका लागि आम्दानीको प्रमुख स्रोत भएको छ र पर्यटक यातायात यो स्रोतमध्येको एक हो । तसर्थ पर्यटकीय सवारीलाई अन्तर्राष्ट्रिय पर्यटकहरूमा मात्र सीमित राख्नुपर्ने कुनै कारण छैन।

तर, यस ऐनको पर्यटकीय सवारीसम्बन्धी व्यवस्थालाई हेर्दा आन्तरिक तथा बाह्य पर्यटकका लागि प्रदेश सरकारले दुई छुट्टाछुट्टै यातायात सेवा सञ्चालन गर्नुपर्ने देखिन्छ। पर्यटकलाई गुणस्तरीय यातायात सेवा उपलब्ध गराउन र दुईवटा छुट्टाछुट्टै यातायात सेवाको व्यवस्थापन गर्न झनै कठिन हुन सक्छ। अधिकांश आन्तरिक पर्यटकले गुणस्तरीय यातायात सेवा उपभोग गर्न पूर्णतया सक्षम भएकाले ऐनको प्रावधानले पनि आन्तरिक र बाह्य पर्यटकबीच भेदभाव गरेको देखिन्छ ।

**सिफारिस**

गण्डकी प्रदेश पर्यटन ऐनले स्वदेशी तथा विदेशी पर्यटकलाई सहज रूपमा यातायात सुविधा प्रदान गर्न पर्यटकीय सवारी साधनको कार्यक्षमतालाई स्पष्ट रूपमा विस्तार गर्नुपर्छ । उदाहरणका लागि, वाग्मती प्रदेशको प्रदेश पर्यटन ऐनले स्वदेशी र विदेशी दुवैलाई पर्यटक भनेर परिभाषित गरेको छ र कुनै पनि प्रकारको यात्रुलाई पर्यटकीय सवारी साधनले ओसारपसार गर्न सकिने व्यवस्था गरेको छ। तसर्थ स्वदेशी तथा विदेशी पर्यटकका लागि कानुनी रूपमा पर्यटकीय सवारी साधन, सेवा उपलब्ध गराउन गण्डकी प्रदेश पर्यटन ऐनले वाग्मती प्रदेश पर्यटन ऐनको जस्तो नियमावली बनाउन सक्छ। त्यसो भएमा प्रदेशले सबै प्रकारका पर्यटकहरूलाई गुणस्तरीय यातायात सेवा उपलब्ध गराउन सक्छ। तसर्थ प्रदेशले यातायात सेवा सञ्चालन गर्ने अधिकार निजी क्षेत्रलाई दिने र सरकारको भूमिका प्रदेशभित्र सञ्चालन हुने व्यवसायमा प्रत्यक्ष सहभागी हुनुभन्दा पनि अनुगमन र नियमन गर्नेसम्म मात्र सीमित हुनुपर्छ। साथै सङ्घीय सरकारको सवारी तथा यातायात व्यवस्थापन ऐन, २०४९ सँग नबाझिने गरी प्रदेशको ऐनको यो प्रावधानलाई संशोधन गर्नु जरुरी छ।

## ५.७. सङ्घीय ऐनसँग विरोधाभास

गण्डकी प्रदेश सभा गठन भएको पाँचौं बर्षमा मात्र प्रदेश सभाले गण्डकी प्रदेश पर्यटन ऐन, २०७९ पारित गऱ्यो, जसका ३ वटा प्रावधानहरू सङ्घको पर्यटन ऐन, १९७८ सँग बाझिएका छन् । सङ्घको पर्यटन ऐन र प्रदेशको पर्यटन ऐनका केही प्रावधानहरू बाझिएका छन् । प्रमुख विरोधाभासी प्रावधानहरू यसप्रकार छन्:

| क.स. | विषय | संघिय ऐन | प्रादेशिक ऐन |
|---|---|---|---|
| १. | ट्राभल र ट्रेकिङ एजेन्सीहरूको लाइसेन्स निलम्बन अघि स्पष्टीकरणको समय | ऐनको दफा ७ को उपदफा २ अनुसार ट्राभल र ट्रेकिङ एजेन्सी सञ्चालन इजाजत पत्र निलम्बन गर्नुअघि आफ्नो सफाई पेश गर्नका लागि सम्बन्धित ट्राभल वा ट्रेकिङ एजेन्सीलाई पन्ध्र दिनको म्याद दिनुपर्ने छ । | ऐनको दफा ८ को उपदफा २ अनुसार ट्राभल र ट्रेकिङ एजेन्सी सञ्चालन इजाजत पत्र निलम्बन गर्नुअघि आफ्नो सफाई पेश गर्नका लागि सम्बन्धित ट्राभल वा ट्रेकिङ एजेन्सीलाई एक्काईस दिनको म्याद दिनुपर्ने छ । |
| २. | ट्रेकिङ गाइडहरूका लागि स्पष्टीकरणको समय | ऐनको दफा ४४ को उपदफा २ अनुसार कुनै पथप्रदर्शकको इजाजत पत्र खारेज गर्नुपूर्व निजलाई सफाई पेश गर्नका लागि मौका दिनुपर्ने छ र यसरी मौका दिँदा कम्तीमा पन्ध्र दिनको म्याद दिनुपर्ने छ । | ऐनको दफा १९ को उपदफा २ अनुसार कुनै पथप्रदर्शकको इजाजत पत्र खारेज गर्नु पुर्व निजलाई सफाई पेश गर्नका लागि मौका दिनुपर्ने छ र यसरी मौका दिदा कम्तीमा एक्काईस दिनको म्याद दिनुपर्ने छ । |
| ३. | होटल, लज, रेस्टुरेन्ट तथा रिसोर्टको स्तर कायम गर्ने म्याद | ऐनको दफा १२ को उपदफा २ अनुसार कुनै पनि व्यवसायले तोकिएको स्तर कायम नगरेको पाइएमा मन्त्रालय वा कार्यालयले उक्त व्यवसायलाई तोकिएको स्तर कायम गर्न उचित समयको म्याद दिनेछ । | ऐनको दफा १२ को उपदफा २ अनुसार कुनै पनि व्यवसायले तोकिएको स्तर कायम नगरेको पाइएमा मन्त्रालय वा कार्यालयले उक्त व्यवसायलाई तोकिएको स्तर कायम गर्न बढीमा सात दिन म्याद दिनेछ । |

**सिफारिस**

नेपालको संविधानको धारा १ मा 'सङ्घीय सरकारको कानूनसँग बाझिने कुनै पनि कानून मान्य हुने छैन' भन्ने प्रावधान रहेको छ । तसर्थ गण्डकी प्रदेशको प्रदेश पर्यटन ऐन, २०७९ लाई सङ्घको ऐनसँग नबाझिने गरी संशोधन गर्नुको विकल्प छैन ।

### ५.८ महिला उद्यमी, ट्राभल र ट्रेकिङ गाइडहरूको सशक्तीकरणका लागि कुनै प्रावधान नहुनु

ट्राभल एण्ड टुरिजम लगायत नेपालको हरेक उद्योगमा पुरुषको प्रभुत्व रहेको छ (एसियाली विकास बैंक, २०२०)। नेपालको पर्यटन क्षेत्रमा महिला उद्यमी र कामदारको प्रतिनिधित्व असमान छ र गण्डकी प्रदेश पनि त्यसबाट अछुतो छैन । दिगो विकासका लक्ष्यहरूमार्फत पूरा हुने दिगो विकासका लागि २०३० एजेन्डा पनि नेपालले स्वीकृत गरेको छ। दिगो विकास लक्ष्य ५, ८ र १० ले पर्यटन उद्योगमा महिलाको सहभागिता बढाउन र लैङ्गिक असमानतालाई न्यूनीकरण गर्न एकरूप छन् । त्यसैगरी गण्डकी प्रदेश स्वदेशी तथा विदेशी पर्यटकका लागि प्रमुख गन्तव्य भएको र प्रदेश सरकारले पर्यटन क्षेत्रलाई समृद्धिको प्रमुख स्रोतका रूपमा लिने भएकाले दिगो प्रदेश निर्माणको आधार तयार गर्न र दिगो पर्यटन विकास मार्फत अर्थतन्त्रलाई बलियो बनाउन यस उद्योगलाई प्राथमिकता दिनु आवश्यक छ (गण्डकी प्रदेशको पहिलो पञ्चवर्षीय योजना, २०१९)।

त्यसैगरी प्रदेशले सबै क्षेत्रमा लैङ्गिक समानताको प्रवर्द्धन गरी सबैका लागि समावेशी प्रदेश निर्माण गर्ने लक्ष्य राखेको छ। त्यसैले प्रदेशभित्रको दिगो पर्यटन विकास सुनिश्चित गर्न महिला उद्यमी र श्रमिकलाई पर्यटन उद्योगमा सशक्तीकरण गर्न आवश्यक छ। तर प्रदेशको पर्यटन उद्योगमा महिलाको सहभागिता बढाउने उद्देश्यले ऐनमा कुनै व्यवस्था छैन। पर्यटनका सबै पक्षमा महिलाको न्यून प्रतिनिधित्वका कारण केही समस्या अझै पनि विद्यमान छन् (उपाध्याय, २०२१)। महिला पथप्रदर्शकहरू, यात्रा गर्न रुचाउने महिला यात्रुहरूका लागि, महिला भरियाहरू र यात्रा एवम् पदयात्रा पथप्रदर्शकहरू फेला पार्न चुनौतीपूर्ण छ । महिला सशक्तीकरणसम्बन्धी प्रावधानहरू नहुँदा यस ऐनको समावेशी पक्षमाथि प्रश्न उठेको छ।

**सिफारिस**

महिलालाई समान प्रतिनिधित्वको अवसर सुनिश्चित गर्न र महिला उद्यमी र श्रमिकलाई सशक्तीकरण गर्न प्रदेश सरकारले महिला र महिला पर्यटन व्यवसायीहरूले स्थापना गरेका र उनीहरूको स्वमित्वमा रहेका कम्पनीहरूलाई अनुदान दिनुपर्छ। साथै सरकारले दर्ता र इजाजतपत्र शुल्कहरू मिनाह गर्ने वा घटाउने व्यवस्था गर्न सक्छ। महिलाको स्वामित्वमा रहेका व्यवसायहरूको विस्तारमा सबैभन्दा ठूलो बाधक भनेको वित्तमा पहुँच नरहनु भएको हुँदा उनीहरूलाई कम ब्याजमा कर्जा उपलब्ध गराउने कानुनी व्यवस्था हुनुपर्छ (रानाभाट, २०२२)। साथै महिला टुर गाइड र भरियाहरूको मागको समस्यालाई सम्बोधन गर्न यस ऐनमा संशोधनमा महिलाहरूका लागि निःशुल्क पथप्रदर्शक तालिम, समान तलब एवम् सुविधाहरू आदि कुरा पनि समावेश गर्नुपर्छ।

## ५.९. संरक्षण र दिगो पर्यटनसम्बन्धी कुनै प्रावधान नहुनु

पर्यटन, वातावरण, संस्कृति र समाज सबै एकअर्कामा निर्भर छन् । तसर्थ ऐन र नीतिहरू निर्माण गर्दा, वातावरण र संस्कृतिको संरक्षण दिगो विकास हासिल गर्ने प्रमुख घटक हो भनेर कसरी पर्यटन प्रवर्द्धन र व्यवस्थापन गर्ने भन्ने कुरालाई ध्यानमा राख्नु आवश्यक छ (Liu, 2003)। दिगो पर्यटन अभ्यास गर्नका लागि यी घटकहरूबीच सन्तुलन कायम गर्नुपर्दछ किनभने अधिकांश पर्यटकीय गतिविधिहरू प्रत्यक्ष रूपमा वातावरण, संस्कृति र समाजसँग निर्भर हुन्छन् (Dolnicar & Leisch, 2008) । गण्डकी प्रदेशको पर्यटन ऐनको आधारभूत समस्या भनेको वातावरण, स्थानीय संस्कृति र पर्यटकीय गन्तव्यको संरक्षणका लागि अत्यन्तै कम व्यवस्था हुनु हो।

ऐनको दफा २४ मा परम्परागत संस्कृति, ज्ञान र समूहको संरक्षणका लागि निकै राम्रो व्यवस्था गरिएको छ। त्यसैगरी ऐनको दफा २७ मा प्रादेशिक पर्यटन कोषको निर्माण र व्यवस्थापन गर्ने व्यवस्था छ। तर पर्यटन कोषको उपयोग पर्यटन मजदुरलाई आपतकालीन सहयोग र उद्धारमा मात्र सीमित गरिएको छ । यथार्थमा ऐनले पर्यटकीय कोषको दायरा फराकिलो गरी वातावरण संरक्षणका लागि पहल गर्न सक्थ्यो, सक्छ । त्यसैगरी यस ऐनले समेट्न नसकेका केही मुद्दाहरूमध्ये जिम्मेवार पर्यटनका लागि पर्यटक आचारसंहिता, वातावरण संरक्षणका लागि पर्यटन व्यवसायको संस्थागत सामाजिक उत्तरदायित्व आदि रहेका छन् । दिगो पर्यटनका यस्ता महत्वपूर्ण तत्वहरूलाई सम्बोधन गर्न बेवास्ता गर्दा सरकारले पर्यटनमा दिगोपनको महत्वलाई पनि बेवास्ता गरेको भन्ने देखाउँछ।

### सिफारिस

प्रदेशको पर्यटन उद्योगको दिगो विकासका लागि थप व्यवस्था गर्न यो ऐन परिमार्जन गरिनुपर्छ। यसलाई पूरा गर्नका लागि समाज र समग्र वातावरण दुवैलाई फाइदा हुने प्रावधानहरू ऐनमा थपिनुपर्छ। प्रदेशभित्र जिम्मेवार पर्यटनको विकास गर्न यस ऐनमा संशोधन गरी प्रदेशलाई सुहाउँदो पर्यटन आचारसंहिता निर्माण जरुरी छ । साथै, पर्यटन व्यवसायीहरूले आफ्नो संस्थागत सामाजिक उत्तरदायित्वका रूपमा पर्यटन गन्तव्यहरूको विकास र संरक्षण, वातावरण र संस्कृतिलाई संरक्षण गर्न आफ्नो नाफाको केही अंश प्रयोग गर्नुपर्ने प्रावधान राख्नु जरुरी छ। ऐनको दफा २७ मा उल्लेखित पर्यटन कोष पनि वातावरण संरक्षण र दिगो पर्यटनको पहलमा खर्चिनुपर्छ। त्यसैगरी सरकारले पर्यापर्यटन, ग्रामीण पर्यटन आदि जस्ता वैकल्पिक पर्यटन व्यवसायहरूमा अनुदान दिई दिगो पर्यटन गतिविधिहरूलाई प्रोत्साहन गर्न मद्दत गर्न सक्छ।

### ५.१०. धेरै प्रावधानहरूमा सङ्घीय कानूनको हुबहु प्रतिलिपि

नेपालको संविधानले प्रदेशभित्रको पर्यटन विकासका लागि आफ्नै कानून र नीति निर्माण गर्ने अधिकार प्रदेशलाई दिएको छ । प्रदेशको पर्यटन उद्योगको विकास गर्न प्रदेशले भौगोलिक, सांस्कृतिक र सामाजिक तथा आर्थिक विशेषताका आधारमा कानुन बनाउन सक्छ । गण्डकी प्रदेश नेपालको पर्यटन विकासको प्रचुर सम्भावना बोकेको प्रदेश हो । पर्यटकीय सम्भावनालाई पूर्ण रूपमा सदुपयोग गर्न प्रदेशले आफ्नै कानुन बनाउनुपर्छ। तर, यो ऐनमा सङ्घीय पर्यटन ऐनका धेरैजसो प्रावधानलाई थोरै मात्र परिवर्तन गरेर अत्यन्त कम मात्रामा नयाँ प्रावधानहरू राखिएको छ। प्रदेशले आफ्नो कानून बनाउने अधिकार र अवसर पाएको अवस्थामा प्रदेशका लागि सङ्घीय ऐनको व्यवस्था दोहोऱ्याउन आवश्यक छैन । यस ऐनमा संघका प्रावधानहरू दोहोरिएको र प्रदेशको भौगोलिकता र वास्तविक आवश्यकता अनुसारका प्रावधानहरूको अभाव भएका कारण अधिकार हुँदाहुँदै पनि प्रदेशले अझै पनि आफ्नै कानून र नीति बनाउने अधिकारको पूर्ण प्रयोग गर्न नसकेको देखिन्छ।

**सिफारिस**

प्रदेशको पर्यटन सम्भाव्यताको पूर्ण सदुपयोग गर्न निजी क्षेत्रलाई सहयोग गर्ने व्यवस्था समेटेर प्रदेशले आफ्नै पर्यटन ऐन बनाउने अधिकारको पूर्ण प्रयोग गर्नुपर्छ। गण्डकी प्रदेश जैविक विविधता र सांस्कृतिक विविधताका दृष्टिले धनी छ। तसर्थ प्रदेशका लागि पर्यटन ऐन निर्माण गर्दा प्रदेशको वातावरणीय र सांस्कृतिक विविधतालाई ध्यानमा राखिनुपर्छ। यस्ता कानूनहरू बनाउँदा निजी क्षेत्रलाई परम्परागत पर्यटन, पदयात्रा, साहसिक गतिविधि र पर्वतारोहण गतिविधिहरूबाहेक नयाँ प्रकारका पर्यटन गतिविधिहरू समायोजन गर्न लचिलोपन प्रदान गर्नुपर्दछ। प्रदेशका पर्यटकीय उत्पादनका लागि उपयुक्त खाद्यान्न पर्यटन, दिगो पर्यटन र पर्यापर्यटन जस्ता पर्यटकीय गतिविधिका नयाँ अवधारणाहरू भित्र्याउन प्राथमिकता दिनुपर्छ । फलस्वरूप प्रदेशले सङ्घीय कानूनलाई मात्र नक्कल गर्नुको सट्टा आफ्नै प्रदेशको आवश्यकताअनुरूपका कानूनको निर्माण गर्न पर्याप्त रचनात्मकता आवश्यक छ।

## सन्दर्भ सामाग्री

Asian Development Bank. (2020). Gender Equality and Social Inclusion Diagnostic of Selected Sectors in Nepal. http://dx.doi.org/10.22617/TCS200291-2

Aproskie J., & Goga S. (2011). Administrative penalties: Impact and alternatives. *Journal of Economic and Financial Sciences*, 4(3), 133-146. https://doi.org/10.4102/jef.v4i2.370

Dahal R. (2020). COVID-19, Tourism, and Nepalese Leisure Travelers' Willingness to Travel. *Journal of Tourism and Adventure*, 3(1). 92-117.

Department of Tourism. (2019). *Total number of peaks opened for Mountaineering*. Government of Nepal, Ministry of Culture, Tourism and Civil Aviation.
https://www.tourismdepartment.gov.np//files/publication_files/323.pdf

Dolnicar S., & Leisch F. (2008). Selective marketing for environmentally sustainable tourism. *Tourism Management*, 29(4). 672-680. https://doi.org/10.1016/j.tourman.2007.07.010

Liu C., Dou X., Li J., Cai L. A. (2020). Analyzing government role in rural tourism development: An empirical investigation from China. *Journal of Rural Studies*, 79, 177-188.
https://doi.org/10.1016/j.jrurstud.2020.08.046

Liu Z. (2003). Sustainable Tourism Development: A Critique. *Journal of Sustainable Tourism*, 11(6). 459-475. https://doi.org/10.1080/09669580308667216

Motor Vehicles and Traffic Management Act, 1993 (Nep). Retrieved from
https://lawcommission.gov.np/en/?cat=615

Nepal Mountaineering Association. (n.d.). *Introduction*. https://nepalmountaineering.org/about-nma

Palikhe A. (2018). Women Empowerment in Tourism: Special Reference to Pokhara Metropolitan City. *The Journal of Nepalese Business Studies*, 11(1), 35-44. https://doi.org/10.3126/jnbs.v11i1.24199

Province Tourism Act, 2022, Bagmati Province (Nep). Retrieved from
https://mocat.bagamati.gov.np/downloadfiles/प्रदेश-पर्यटन-ऐन,-२०७८-1651225082.pdf

Provincial Policy and Planning Commission, Gandaki Province. (2019). *Status Paper of Gandaki Province 2019*, Gandaki Province.

Provincial Policy and Planning Commission, Gandaki Province. (2020). *Five Year Plan of Gandaki Province FY 2019/20 -FY 2023/24*, Gandaki Province.

Ranahat M. (2022). *Policy Brief on Province Industrial Enterprise Act, 2019, Gandaki Province*. [Unpublished manuscript].

Turok I. (2010). Towards a developmental state? Provincial economic policy in South Africa. *Development Southern Africa*, 27(4), 497-515. https://doi.org/10.1080/0376835X.2010.508582

Upadhyay R. (2021). Females' Participation in the Tourism Industry A Study of Pokhara Metropolitan City-6, Kaski, Nepal. *IOSR Journal of Humanities and Social Science*, 26(2), 46-57.

## पोखरा रिसर्च सेन्टरः परिचय

पोखरा रिसर्च सेन्टर (PRC) पोखरालाई मुख्य कार्यक्षेत्र बनाएर काम गरिरहेको एक स्वतन्त्र, गैर राजनैतिक, गैर नाफामूलक, अनुसन्धानमा आधारित संस्था हो । सन् २०१९ मा स्थापित पोखरा रिसर्च सेन्टर, सार्वजनिक नीति अनुसन्धानको सामाजिक तथा आर्थिक आयाममा केन्द्रित छ।

“सुशासन र आर्थिक स्वतन्त्रता” को आदर्श द्वारा निर्देशित, यस संस्थाले व्यक्तिगत छनौट र स्वतन्त्रताको सिद्धान्तको पालन गरीरहेको छ भने उद्यमको समान अवसर, विधिको शासन र स्वतन्त्र अभिव्यक्तिको लोकतान्त्रिक सिद्धान्तलाई आफ्ना कार्यक्रमहरुमा राख्ने प्रयत्न समेत गरिरहेको छ । यस संस्थाले नीतिगत सुधारको माध्यमबाट प्रदेश स्तरमा सकारात्मक प्रभाव पार्ने तीन कार्यात्मक क्षेत्रहरु, अनुसन्धान, प्रशिक्षण र पैरवी अन्तर्गत काम गरिरहेको छ।

हालसम्म यस संस्थाले कोभिड १९ का कारण नेपालका साना तथा मझौला उद्योगमा पर्न गएको प्रभाव, सार्वजनिक सौचालय मैत्री सहर पोखरा, गण्डकी प्रदेशमा होमस्टे पर्यटन, स्मार्ट सिटि, पोखरामा पार्किंग, गण्डकी प्रदेशको प्रदेश औधोगिक ब्यबसाय ऐन, २०७५ मा नीति विवरण लगायतका विषयमा अनुसन्धानपत्रहरु प्रकाशित गरिसकेको छ। साथै नियमित रुपमा उद्यमशीलता, आर्थिक नीति सुधार आदि बिभिन्न समसामयिक विषयहरुमा लेखहरु पनि निकाल्ने गरेको छ ।

पोखरा रिसर्च सेन्टरको हाल संचालनमा रहिरहेका कार्यक्रमहरु मध्य युथ इन पोलिसी एण्ड गर्भनेन्स (वाई. पि. जी. फेलोसिप) कार्यक्रमले गण्डकी प्रदेशका युवाहरुलाई नीति निमार्ताहरुसँग रहि कानुन निर्माण तथा सार्वजनिक नीतिमा ज्ञान हासिल गर्न सहयोग गरिरहेको छ साथै यस संस्थाले  स्वतन्त्र बजार, उद्यमशीलता र आर्थिक स्वतन्त्रता का क्षेत्रमा पनि युवा हरुलाई लक्षित गरेर विभिन्न प्रशिक्षण कार्यक्रमहरु गरीरहेको छ। त्यसै गरी गण्डकी डिस्कोर्स, राजनीतिक आर्थिक चर्चा श्रृंखला (PEDS), र गण्डकी लिडर्स सर्कल (GLC) समेत गठन गरी राष्ट्रियस्तरको नीति अध्ययन संस्थानको रूपमा स्थापित हुने लक्ष्यका साथ अगाडी बढिरहेको छ।

POKHARA
RESEARCH CENTRE

महाकालेश्वर मार्ग पोखरा ११, कास्की, गण्डकी प्रदेश, नेपाल
फोनः (९७७)-६१-५८७१११
इमेलः centre.pokhara@gmail.com
वेबसाइटः www.pokharacentre.org